श्री

# दार्चुला जिल्ला अदालत

फोन नं.- ०९३-४२०१४०
फ्याक्स नं- ०९३-४२०२१५

दार्चुला

प.सं. ०७४।०७५
च.नं.

मितिः- २०७४।१०।१५

## बिषयः- दण्ड जरिवाना छुट सम्बन्धि अत्यन्त जरुरी सूचना ।

यस अदालत तथा अन्य अदालतको अन्तिम फैसला बमोजिम बिभिन्न व्यक्तिहरुलाई विभिन्न मुद्दामा लागेको दण्ड जरिवाना र सरकारी बिगो र कोर्टफी समेतको लगत यस अदालतमा कायम रहेको हुदा उक्त असुल हुन बाँकी रहेको दण्ड जरिवाना, सरकारी बिगो र कोर्टफी आदीको बाँकी बक्यौता बुझाउन ल्याउनु हुन सम्वन्धित लगतवाला ब्यक्तिहरुका लागि जिल्ला अदालत नियमावली २०५२ को नियम ८७ को उपनियम (१) बमोजिम यो सूचना प्रकाशन गरिएको छ । दण्ड जरिवाना सरकारी विगो र कोर्टफी आदीको बाँकी बक्यौता भएका लगतवाला ब्यत्तिहरुले यो सूचना प्रकाशन भएको मिति देखी तपसिलमा उल्लेखित अवधि भित्र बाँकी बक्यौता रहेको दण्ड जरिवाना, सरकारी बिगो र कोर्टफी बुझाउन ल्याएमा जिल्ला अदालत नियमावली २०५२ को नियम ८७ को उपनियम (२) बमोजिम निम्न बमोजिम छुट हुने व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना द्धारा जानकारी गराईएको छ ।

१. एक महिना भित्र सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको १५ प्रतिशत
२. दुई महिना भित्र सम्वन्धित व्यक्तिले वुझाउन ल्याएमा सो रकमको १३ प्रतिशत
३. तीन महिना भित्र सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको ११ प्रतिशत
४. चार महिना भित्र सम्बन्धित व्यक्तिले वुझाउन ल्याएमा सो रकमको ९ प्रतिशत
५. पाँच महिना भित्र सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको ७ प्रतिशत
६. छ महिना भित्र सम्बन्धित व्यक्तिले वुझाउन ल्याएमा सो रकमको ५ प्रतिशत

नोटः- थप जानकारीको लागि यस अदालतको फोन नं. ०९३-४२०१४० मा सम्पर्क गर्नुहोला ।

२०७४।१०।१५

गणेश सिंह रैखोला
तहसिलदार

ईति सम्वत २०७४ साल माघ महिना १५ गते रोज २ शुभम.....................

E-mail: infodcdarchula@dcourt.gov.np